प्रदेश सरकार

फोन नं.:-०७१-५५०००३
०७१-५५००६३

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५
बुटवल, नेपाल

पत्र संख्या ०७६/०७७
चलानी नं ५९९

मिति :२०७६।०८।२४

**बिषयः विशेष अनुदानतर्फका आयोजना प्रस्ताव गर्ने सम्वन्धमा ।**

श्री स्थानीय तह(१०९) सबै,
प्रदेश नं. ५ ।

प्रस्तुत विषयमा "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि,२०७६" दफा ५(२) मा स्थानीय तहले विशेष अनुदानको लागि प्रस्ताव माग गर्दा आ.व. २०७६।७७ को हकमा मन्त्रालयले सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले तहाँ स्थानीय तहले चालु आव २०७६/०७७ मा विशेष अनुदानबाट सञ्चालन गर्ने विशेष अनुदानका आयोजनाहरु उक्त कार्यविधिमा तोकिएको प्रक्रिया पुरा गरी मिति २०७६ पौष १ गते भित्र देहायको बजेट सिमाको अधिनमा रही तपशिलका शर्त सहित आयोजना प्रस्ताव गर्नुहुन प्रदेश सरकार (माननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) को मिति २०७६।०८।२३ को निर्णयानुसार अनुरोध छ।

देहाय

| क्र.सं. | स्थानीय तहको वर्गिकरण | अनुदान सिमा |
|---|---|---|
| १ | उप-महानगरपालिका | १ करोड |
| २ | नगरपालिका | ७० लाख |
| ३ | गाउँपालिका | ३० लाख |

तपशिलः

१. विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि,२०७६" को दफा ३ मा तोकिएका क्षेत्रहरुमा समावेश हुनेगरी गर्नुहुनेछ।

२. विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा पत्र सहित कार्यपालिकाको निर्णय र आयोजना तथा कार्यक्रमको लागत अनुमानको सारांश (cost of summary) अनिवार्यरुपमा समावेश गर्नुहुनेछ ।

अधिकृत सातौं

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

फोन नं.:-०७१-५५०००३
०७१-५५००६३

प्रदेश नं. ५
बुटवल, नेपाल

पत्र संख्या ०७६/०७७
चलानी नं ५९१

३. पालिकाहरुले बढिमा २ वटा आयोजना तथा कार्यक्रम मात्र प्रस्ताव गर्नुहुनेछ ।

४. आगामि आ.व.को लागि दायित्व सृजना नहुने गरि चालु आ.व.मा नै सम्पन्न हुने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

५. विशेष अनुदान अन्तर्गत स्वीकृत आयोजना तथा कार्यक्रमको रकम अन्यत्र रकमान्तर गर्न पाईने छैन । साथै चालु आ.व. को अन्तिम सम्म विनियोजित रकम खर्च हुन नसकी बाँकी रहेमा बाँकी रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुहुनेछ ।

६. प्रदेश सरकारले निर्णय गरी स्वीकृत गरेका विशेष कार्यक्रम तथा आयोजनाका हकमा सोहि अनुसार हुनेछ ।

७. चालु आर्थिक वर्षमा विशेष अनुदानको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा आर्थिक मामिला तथा योजना मन्त्रालयमा निवेदन दिईसकेका र "विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि,२०७६" को मापदण्ड भित्र परेका पालिकाहरुले पुनः नयाँ कार्यक्रम तथा आयोजना प्रस्ताव गर्नुहुनेछैन ।यसरी निवेदन गरिसकेका पालिकाहरुले आर्थिक मामिला तथा योजना मन्त्रालयमा सम्पर्क गर्नुहुनेछ ।

८. विशेष अनुदान अन्तर्गत रहेको मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमको लागि गाँउपालिकालाई छुट्याइएको ५२ लाख रुपैया "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालन कार्यविधि, २०७५" बमोजिम कार्यान्वयन गर्नुहुनेछ। सो को हकमा प्रस्ताव गर्नुहुनेछैन ।

९. विशेष अनुदान सम्बन्धी प्रस्ताव moeap5.anudan@gmail.com मा पठाउनुहुनेछ ।

२०७६।०८।२४

मोहन पाण्डे
अधिकृत, सातौं
अधिकृत सातौं